# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
# भरतपुर, चितवनको
## एक्काईसौं वार्षिक साधारण सभा (आ. व. २०७८/०७९) को काम कारवाहीको विवरण
## (माईन्यूट)

१. **बैधानिक सभाः**
यस डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९ फागुन ८ गते बसेको सञ्चालक समितिको ३२६औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बोलाईएको एक्काईसौं वार्षिक साधारण सभा संस्थाको सञ्चालक समितिका अध्यक्ष तथा साधारण सभाका सभापति श्री दिपक खनालले पानसमा दीप प्रज्वलन गरी समुद्घाटन तथा सञ्चालन गर्नु भयो । साधारण सभा सम्बन्धी विस्तृत विवरणहरू तपसिल बमोजिम रहेको छ ।

२. **सभाको मिति, स्थान र समयः**
सभाको मितिः २०७९ साल फागुन ३० गते मंगलवार (तदनुसार १४ मार्च, २०२३)।
सभाको स्थानः होटल सेभेन स्टार प्रा.लि. सौराहा, चितवन ।
समयः विहान ११:०० बजे प्रारम्भ भई दिउँसो १:२० बजे सम्पन्न ।

३. **सभाको सूचनाः**
कम्पनी ऐन २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम ४(३) बमोजिम साधारण सभा हुने मिति, समय, स्थान र छलफलको विषयहरू सहितको विवरण खुलाइएको सूचना मिति २०७९ फागुन ९ गतेको "कारोबार" राष्ट्रिय दैनिक र मिति २०७९ फागुन १५ गतेको "अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराईएको थियो । साथै, सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाहको विवरण, ईक्विटिमा भएको परिवर्तन सम्बन्धी विवरण तथा अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा शेयरधनी महानुभावहरूको ब्यक्तिगत ठेगानामा यथासमयमा पठाईएको थियो ।

४. **उपस्थितिः**
४.१ कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित सञ्चालकहरूः

| क्र.सं. | सञ्चालकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री दिपक खनाल | अध्यक्ष | लुम्बिनी विकास बैंक लिमिटेड |
| २ | श्री रीता पौडेल | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ३ | श्री रमेशकुमार रघुवंशी | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ४ | श्री गणेशकुमार के.सी. | सञ्चालक | डिप्रोक्स नेपाल |
| ५ | श्री श्यामकृष्ण दाहाल | सञ्चालक | स्वतन्त्र सञ्चालक |
| ६ | श्री बासुप्रसाद उपाध्याय | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ७ | श्री दीर्घबहादुर अर्याल | सञ्चालक | कृषि विकास बैंक लिमिटेड |

४.२ संस्थागत प्रतिनिधिहरूको उपस्थितिः

| क्र.सं. | प्रतिनिधिको नाम | प्रतिनिधित्व |
|---|---|---|
| १. | श्री धर्मरत्न महर्जन | नविल बैंक लिमिटेड |
| २ | श्री रमेश न्यौपाने | नेपाल बैंक लिमिटेड |
| ३ | श्री गणेश आचार्य | सिप्रेड |

४.३ अन्य पदाधिकारीहरूको उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री शेषरमण आचार्य | प्रमुख कार्यकारी अधिकृत | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री हेमकुमार काफ्ले | का.मु. सहायक महाप्रबन्धक | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| ३ | श्री पुष्पराज अधिकारी | का.मु. सहायक महाप्रबन्धक | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| ४ | श्री हरिप्रसाद आचार्य | का.मु. सहायक महाप्रबन्धक | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| ५ | श्री ज्ञानेन्द्रप्रसाद अर्याल | कम्पनी सचिव | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |

४.४ शेयरधनीहरूको उपस्थितिः

४.३.१ संस्थापक शेयरधनीः १० जना

४.३.२ साधारण शेयरधनीः ४६ जना

जम्मा उपस्थित संख्याः ५६ जना

४.५ अन्य आमन्त्रितहरूको उपस्थितिः

जम्मा उपस्थित संख्याः ३ जना

## ५. गणपुरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम):

| बिवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ३४,६८० | ५६ | ५५.७४ प्रतिशत |
| जम्मा शेयर कित्ता | १,३८,७४,९८३.३२८३ | ७७,३३,२९२ | |

## ६. सभाको बैधानिकता र सभापतित्वः

६.१ साधारण सभा शुरू हुनुअघि कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरूलाई स्वागत गर्दै कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्याको लागि कुल शेयरको पचास प्रतिशत बढी शेयरको प्रतिनिधित्व र कुल शेयरधनीहरू मध्ये कम्तिमा ३ जना शेयरधनी उपस्थित हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको एक्काईसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरूको संख्या ५६ जना भएको र कुल शेयरको ५५.७४ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेको र कम्पनी कानुन अनुसार साधारण सभा बैधानिक भएको सभालाई अवगत गराउनु भयो । नियमानुसार साधारण सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने व्यवस्थाको जानकारी गराउँदै अध्यक्ष श्री दिपक खनाललाई एक्काईसौं वार्षिक साधारणसभाको सभापतित्व ग्रहण गर्न अनुरोध गर्दै अन्य सञ्चालकहरू, पूर्व सञ्चालकहरू, संस्थागत प्रतिनीधिहरू, आमन्त्रित अतिथि, लगायत उपस्थित सम्पूर्ण शेयरधनीहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नुभयो ।

६.२ राष्ट्रिय गानबाट कार्यक्रम शुरू गर्न सम्पूर्ण शेयरधनीहरूलाई आ–आफ्नो स्थानमा उभिन कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

६.३ यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री शेषरमण आचार्यले उपस्थित सबै शेयरधनीहरू तथा आमन्त्रित महानुभावहरूलाई स्वागत अभिवादन गर्नुभयो ।

७. **छलफलको विषयहरूः**

**(क) साधारण प्रस्तावहरूः**

१. अध्यक्षज्यूबाट प्रस्तुत सञ्चालक समितिको एक्काईसौं वार्षिक प्रतिवेदन (आ.व.२०७८/०७९) छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०७९ आषाढ मसान्तको वासलात तथा आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको मिति २०७९ आषाढ मसान्तको वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको सिफारिश बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८/०७९ को मुनाफा र गत वर्ष सम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको ११.०५२६३२ प्रतिशतले हुन आउने रकम रू.१५,३३,५५,०८४/७३ (अक्षरेपी पन्ध्र करोड तेत्तिस लाख पचपन्न हजार चौरासी रूपैया र पैसा त्रिहत्तर मात्र) नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर सहित) बितरण गर्न स्वीकृत गर्ने ।

४. आ.व. २०७९/०८० को लेखापरीक्षणको लागि लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(बर्तमान लेखापरीक्षक सुन्दर एण्ड कम्पनी, कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्ति हुन सक्नु हुने छैन।)

**(ख) विशेष प्रस्तावहरूः**

१. सञ्चालक समितिको सिफारिश बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफा र गत वर्ष सम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको १० प्रतिशतले हुनआउने रकम रू.१३,८७,४९,८३३/२८ (अक्षरेपी तेह्र करोड सतासी लाख उनन्चास हजार आठ सय तेत्तिस रूपैया र पैसा अठ्ठाईस मात्र) बराबरको बोनस शेयर बितरण गर्न स्वीकृत गर्ने । साथै, बोनस शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२. वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी रू.१,३८,७४,९८,३३२/८३ रहेकोमा बोनस शेयर जारी पछि कायम हुने जारी तथा चुक्ता पुंजी रू.१,५२,६२,४८,१६६/११ (अक्षरेपी एक अर्व बाउन्न करोड बैसठ्ठी लाख अठचालिस हजार एक सय छैसठ्ठी रूपैया पैसा एघार मात्र) पुऱ्याउने बिशेष प्रस्ताव पारित गर्ने र प्रबन्ध–पत्रको दफा (५) को (ख) र (ग) मा आवश्यक संशोधन पारित गर्ने ।

३. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि सम्पन्न सम्झौतापत्र, सहमतिपत्र, संयुक्त प्राप्ति (एक्विजिशन) समिति गठन एवं संयुक्त प्राप्ति (एक्विजिशन) समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियार प्रत्यायोजन गर्ने सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने ।

४. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि चल, अचल सम्पत्ति तथा दायित्व मुल्यांकन (Due Diligence Audit) गर्न संयुक्त प्राप्ति (एक्विजिशन) समितिबाट सम्पत्ति र दायित्व मुल्यांकनकर्ता एस.ए.आर.एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्सलाई गरेको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गरेकोमा सञ्चालक समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

५. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मुल्यांकनकर्ता एस. ए. आर. एसोसिएट्सबाट प्राप्त सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध ब्यवस्था

समेतका आधारमा संयुक्त प्राप्ति (एक्विजशन) समितिको सिफारिशमा यस वित्तीय संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक कित्ता बराबर एक कित्ता) कायम गरी आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति प्रदान गर्ने ।

६. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि तथा अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायतका अन्य कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट एकीकृत कारोवार गर्ने प्रस्ताव पारित गर्ने ।

८. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात प्राप्ति (एक्विजिशन) सम्बन्धी सम्झौतापत्र अनुसार वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी वृद्धि हुने हुँदा सो बमोजिम हुने गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न, हेरफेर गर्न र उपयुक्त ब्यवस्था गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

९. प्राप्ति (एक्विजिशन) पश्चात यस वित्तीय संस्थाको शेयर संरचना अनुपात (संस्थापक र सर्वसाधारण शेयर) परिवर्तन हुने भएकोले संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (घ) मा संशोधन गर्ने ।

१०. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत नियमनकारी निकायको स्वीकृति लिने/अभिलेख गर्ने क्रममा वा पुंजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधन सम्बन्धमा नियमनकारी निकायहरूबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम संशोधन/परिमार्जन समेतका सम्पुर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविधः**

## ८. सभा सञ्चालन र एक्काईसौं वार्षिक प्रतिवेदनको प्रस्तुतिः

८.१ अध्यक्ष एवं सभाका सभापति श्री दिपक खनालले साधारण सभा संचालन गर्दै सञ्चालक समितिको एक्काईसौं वार्षिक प्रतिवेदनका साथै चालु आ. व. को पौष मसान्त सम्मको प्रगतिको संक्षिप्त बिवरण सभामा प्रस्तुत गर्नु भयो । सभापतिज्यूले सभा समक्ष वित्तीय संस्थाको मिति २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७८/०७९ को नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण, स्वामित्व कोषमा भएको परिवर्तन, प्रमुख लेखानीति, लेखा सम्बन्धी टिप्पणीहरू र नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) बमोजिम तयार पारिएको मिति २०७९ आषाढ मसान्तको वित्तीय विवरणहरू छलफलको लागि सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## ९. छलफलको लागि आव्हान तथा छलफलमा सहभागी शेयरधनी महानुभावहरूः

९.१ वार्षिक प्रतिवेदनको प्रस्तुती पश्चात साधारण सभामा छलफलका लागि निर्धारित विषयसुचीहरू उपर छलफलका लागि आ-आफ्नो विचार, मन्तव्य, जिज्ञाशा प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नुभए पश्चात देहायका शेयरधनी महानुभावहरू प्रत्यक्ष रूपले छलफलमा सहभागी भई देहाय अनुसारका जिज्ञाशाहरू र सुझावहरू ब्यक्त गर्नु भयोः–

१. श्री महेन्द्र बहादुर श्रेष्ठ

२. श्री लवराज जोशी

३. श्री कैलाश रिजाल

४. श्री प्रकाश बहादुर श्रेष्ठ

५. श्री पिताम्बर प्रसाद आचार्य

**छलफलमा सहभागी शेयरधनी महानुभावहरूबाट व्यक्त मन्तव्य, जिज्ञाशा तथा सुझावहरूको संक्षिप्त विवरण :**

**१. श्री महेन्द्र बहादुर श्रेष्ठ**

- आफ्ना भनाईहरू राख्न अवसर दिइएकोमा सञ्चालक समितिलाई धन्यवाद ।
- साधारण सभा ढिला भएको छ ।
- आदर्श लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिशन) राम्रो छ ।
- प्राप्ति (एक्विजिशन) गरे पश्चात पुंजी मिल्छ वा मिल्दैन ? ध्यान दिन अनुरोध ।
- नेपाल राष्ट्र बैकले लाभांश वितरणमा अंकुश लगाएकोले लगानीकर्ताको शेयरको मुल्य झर्ने अवस्था रहेको ।
- लघुवित्त प्रति बजारमा नकारात्मक प्रचार भई रहेकाले त्यसलाई समाधान गर्नु पर्ने ।
- लघुवित्तले देशमा रोजगारीका अवसरहरू सृजना गरेको छ ।
- Liquidity को समस्याले बजारमा ब्याजदर बढेको छ ।
- हाम्रो देशमा Agriculture Product बढाउनु पर्दछ ।
- प्राप्ति पश्चात कर्मचारीको मेलमिलाप हुंदैन कि भन्ने जिज्ञाशा ?
- आदर्श लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिशन) गरी चाँडैनै एकीकृत कारोबार गर्न सकोस भन्ने कामना ।

**२. श्री लवराज जोशी**

- २२ वर्ष पुरानो संस्थाले १० प्रतिशत बोनस शेयर र ११.०५२६३२ प्रतिशत नगद लाभांश समेत २१.०५२६३२ प्रतिशत लाभांश वितरण गर्न प्रस्तावका लागि अध्यक्ष, सञ्चालक समिति र ब्यवस्थापनलाई धन्यवाद ।
- साधारण सभा ढिला भयो । बाईसौं वार्षिक साधारण सभा आश्विन मसान्त भित्र गर्न अनुरोध ।
- लघुवित्त वित्तीय संस्थाहरूले रोजगारीको सृजना, गरिवि न्युनीकरण र महिला स-शक्तिकरणमा (Women Empowered) मा महत्वपूर्ण भुमिका खेलेको विचार व्यक्त ।
- लघुवित्त वित्तीय संस्थाहरूले बढी ब्याज लियो भन्ने आरोप छ यस सम्बन्धमा हामी शेयरधनीहरूले जनचेतना फैलाउन आवश्यक रहेको जिकिर ।
- प्राप्ति (एक्विजिशन) गर्ने संस्था आदर्शको कार्यक्रमको अवस्थाको बारेमा जानकारी गराउन अनुरोध ।
- सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको अनुभव राम्रो रहेकोले आदर्श लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिशन) गरिसके पछि अझ उच्चतम प्रतिफल दिने गरी काम हनु कुरामा विश्वास व्यक्त ।
- सञ्चालक समिति मातहतका समितिहरू प्रभावकारी हुनु पर्ने कुरामा जोड ।
- सञ्चालक समितिले Short-term र Long-term नीति बनाई कार्यक्रम संचालन गर्नु पर्ने ।
- कर्मचारीहरूले आफ्ना सदस्यलाई राम्रो ब्यवहार गरी सन्तुष्टि दिनु पर्ने ।
- संस्थाले कर्मचारीहरूलाई स्वदेशी तथा बैदेशिक तालिममा सहभागी गराई कर्मचारीहरूको दक्षता अभिवृद्धि गराउने कार्य गरिएकोमा प्रशंसा व्यक्त ।

- गत वर्षको तुलनामा मुनाफामा कमी आएकोले आमागी दिनमा अझ बढी राम्रो काम गरी मुनाफा वृद्धि गर्नु पर्ने ।
- साधारण सभामा आफ्ना भनाईहरू राख्न दिनु भएकोमा सञ्चालक समितिलाई धन्यवाद ।

३. श्री कैलाश रिजाल

- संस्थाको यस गरिमामय सभामा आफ्ना भनाईहरू राख्न दिनु भएकोमा सञ्चालक समितिलाई धन्यवाद ।
- लघुवित्तको शुरूवात गर्दा कसरी लघुवित्त Vaible हुन्छ भनेर सोच्ने अवस्था थियो भने अहिले २० वर्ष पछि आएर ठिक त्यस्तै अवस्था आई परेको विचार व्यक्त ।
- लघुवित्तलाई अहिले कसरी जोगाउने भन्ने चुनौति रहेको छ ।
- कार्यक्रम घट्दा कर्मचारी बढी हुन्छ की सो सम्बन्धमा स्वेच्छिक अवकाश योजना ल्याउन पर्दछ की भन्ने विचार व्यक्त ।
- NMBA मा हाम्रो उपस्थिती कस्तो छ ? Industry मा हामी Lead गर्ने संस्था भएकोले Policy मा Feedback हुनु पर्दछ ।
- Social Economic Develoment Deparment आवश्यक पर्दछ कि ?
- लघुवित्तका सदस्यहरूलाई Retention गरी राख्नको लागि नयाँ के उपाय (ग्रेस पिरियड, ब्याजदर, कर्जाको किस्ताको आकार परिवर्तन आदि) गर्न सकिन्छ ? त्यस विषयमा Strategy बनाउनु पर्ने विचार व्यक्त ।
- Financial Literacy भनेको सदस्यले किस्ता तिर्ने विषय, ब्याजदर मात्र नभएर अरू धेरै कुराहरू समावेश गर्नु पर्दछ जुन लघुवित्त वित्तीय संस्थाले कार्यविधि बनाएर कार्यान्वयन गरेको पाईएको छैन ।
- क्रेडिट प्लस कार्यक्रममा सदस्यको Social/Financial Development का विषयमा Awareness गर्न आवश्यक रहेको ।
- सदस्य स्वाथ्य बीमा, प्रसुति बीमा, कृषि बीमाको बारेमा थप Faciliation गर्न खाँचो रहेको ।
- लघुवित्तका सदस्यहरूको Graduation प्रक्रिया के हो ?
- Virtual Media मार्फत लघुवित्त विरूद्ध भ्रम हटाउनको लागि Forcasting गर्ने ब्यवस्था मिलाउने की ?
- लघुवित्त क्षेत्र पुरानो तरिकाले चल्न सक्ने अवस्था नरहेकोले हामीले हाम्रो ब्यवसायलाई टिकाई राख्न सदस्य Retention मा जोड दिई सेवालाई विविधिकरण/स्तरीयकरण गर्न जरूरी रहेको छ ।

४. श्री प्रकाश बहादुर श्रेष्ठ

- २१.०५२६३२ प्रतिशत लाभांश वितरण गरेकोमा सञ्चालक समितिलाई धन्यवाद ।
- लघुवित्त क्षेत्रमा भएका गलत प्रचारका बिरूद्धमा कर्जा दिनु पहिले र मिडिया मार्फत भ्रम हटाउनु पर्दछ ।

५. श्री पिताम्बर प्रसाद आचार्य

- शुरूमा २ जिल्ला र रू.१ करोड १६ लाखको पुंजीबाट शुरू भएको संस्था आज ७१ जिल्ला र रू. १ अर्व ५२ करोड पुऱ्याएकोमा सञ्चालक समिति लगायत कर्मचारीहरू प्रति आभार ब्यक्त ।
- लघुवित्तले गरिवि न्युनिकरण गर्न, महिला स-शक्तिकरण लगायत सामाजिक, आर्थिक क्षेत्रमा काम गर्ने संस्था भएकोले नाफा घट्यो भन्नु हुँदैन ।

- १३ वर्ष पहिला देखि नै सदस्य दोहोरोपनाको समस्या रहेको र सन् २०१० मा भएको लघुवित्त सम्मेलनमा सदस्य दोहोरोपनाको विषयमा कुरा उठाई सोको निकास गर्ने प्रयास गरेका थियौं तर सो हुन सकेन ।
- लघुवित्तका ५९ लाख भन्दा बढी सदस्य र ३६ लाख भन्दा बढी ऋणी रहेका छन् । लघुवित्तले राम्रो गरेको ऋणीको आर्थिक उन्नती गरेको नदेख्ने र केही सीमित विग्रिएका ऋणीहरूको बारेमा मात्र देख्ने प्रवृति रहेको छ । लघुवित्त बिरोधमा आएका ऋणीहरूको पनि आर्थिक उन्नती भएको छ ।
- नेपाल राष्ट्र बैकबाट जारी भएको हालैको निर्देशन स्पष्ट छैन । कुनै एक वटा संस्थाबाट कर्जा दिने सम्बन्धमा Time Framework दिनु पर्ने ।
- नेपाल राष्ट्र बैकले पहिले धेरै लघुवित्त वित्तीय संस्थाहरू खोल्न अनुमति दिएको र अहिले मर्जर गर्न निर्देशन दिन थालेको छ । मर्जर गर्दा शेयर संरचनालाई मिलाएर मर्जर गर्न निर्देशन दिन आवश्यक भएको ।
- सदस्यलाई कर्जा लगानीगर्दा हामीले ऋणीको क्षमता हेरेर मात्र कर्जा लगानी गर्नु पर्ने ।
- लघुवित्तले ४२ प्रतिशतमा रहेको गरिविलाई १८ प्रतिशतमा झार्नमा महत्वपुर्ण भुमिका खेलेको छ ।
- Financial Literacy र Skill Development कार्यक्रमलाई बिस्तार गरी प्रभावकारी बनाउनु पर्ने ।
- ग्राहक संरक्षण कोषको रकमबाट सदस्यहरूमा र संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकमबाट समाजमा रहेका लघुवित्त सम्बन्धी भ्रमहरूलाई समाधान गर्न सकिन्छ सो बारे सोच्नु पर्ने ।
- नेपाल राष्ट्र बैकबाट ईजाजतपत्र प्राप्त क, ख र ग वर्गका संस्थाहरूलाई रू.७ लाख भन्दा कम लगानी नगर्न नेपाल राष्ट्र बैकले भन्नु पर्ने ।
- लघुवित्त वित्तीय संस्थाहरूले १५ प्रतिशत भन्दा बढीमा कर्जा लगानी नगरेको र १५ प्रतिशत भन्दा कममा कर्जा लगानी गर्नको लागि कोषको लागत कम गर्नु पर्ने वा नेपाल सरकारले Subsidy दिनु पर्ने । बजारमा १३ प्रतिशतमा कर्जा लिएर १५ प्रतिशतमा लगानी गर्न सकिने अवस्था नरहेको ।
- मिटर ब्याजीलाई लघुवित्त संस्थासँग तुलना गरेर मिडियाले गलत प्रचार गरेको छ जुन एकदमै नराम्रो कुरा हो ।
- लघुवित्तमा देखिएको हालको समस्याले समग्र बैकिङ्ग क्षेत्रनै धरासायी हुने स्थिति रहेकोले यो समस्या सबै मिलेर समाधान गर्न आवश्यक रहेको ।

१०. **<u>शेयरधनी महानुभावहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको प्रत्युत्तरः</u>**

शेयरधनी महानुभावहरूले सभामा दिनु भएको सुझावहरू प्रति आभार ब्यक्त गर्दै प्रकट भएका जिज्ञासा तथा प्रश्नहरू उपर अध्यक्षले सामुहिक रूपमा देहाय बमोजिम प्रत्युत्तर दिनु भयोः–

- आर्थिक वर्षको पहिलो त्रैमास भित्र साााधारण सभा गर्नको लागि हामीले मिति २०७९ भाद्र महिनामै वित्तीय विवरण नेपाल राष्ट्र बैकमा पेश गरेका थियौं । नेपाल राष्ट्र बैकबाट वित्तीय विवरण प्रकाशन गर्ने स्वीकृत आए पछि साधारण सभा गरेको हो र आगामी वर्ष समयमा साधारण सभा गर्नेछौ ।
- संस्थाले १० प्रतिशत बोनस शेयर र ११.०५२६३२ प्रतिशत नगद लाभांश समेत २१.०५२६३२ प्रतिशत लाभांश वितरण गरेको भनी शेयरधनीहरूको तर्फबाट सन्तोष व्यक्त गरिनुले सञ्चालक समितिलाई हौसला र प्रेरणा मिलेको छ ।
- मिति २०७९ पौष मसान्तमा आदर्श लघुवित्त वित्तीय संस्थाको शाखा ७ वटा, कर्मचारी ३४ जना, सदस्य ६,०९४ जना, बचत रू. १५ करोड ५२ लाख ७५ हजार ,लगानीमा बाँकी साँवा रू.२८

करोड ४० लाख २१ हजार रहेको छ । पुंजी रू. २ करोड ४८ लाख ४० हजार रहेको र आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गरे पश्चात यस संस्थाको पुंजी रू. १ अर्व ५५ करोड १० लाख ८८ हजार पुग्नेछ ।

- सम्पत्ति र दायित्व मुल्यांकनकर्ताको प्रतिवेदनको आधारमा शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक कित्ता बराबर एक कित्ता) कायम गर्न प्रस्ताव गरेका हौं ।
- सञ्चालक समितिले Short-term को लागि बजेट तथा कार्यक्रम र Long-term को लागि ब्यवसायिक योजना मार्फत कार्यक्रम सञ्चालन गर्ने गरेको ।
- लघुवित्त क्षेत्रमा देखिएका हालको समस्याहरूको समाधानको विषयमा प्रमुख कार्यकारी अधिकृतहरूको एसोसियसन (NMBA) र अध्यक्षहरूको एसोसियसन (MFAN) मा छलफल भई रहेको र समस्या निराकरणको लागि उल्लेखित एसोसियसन मार्फत अर्थ मन्त्रालय, गृह मन्त्रालय र नियामक निकायहरू समक्ष पहल गरिरहेका छौं ।
- लघुवित्त सम्बन्धी भ्रम फैलाउने केही तत्वहरूले लघुवित्त क्षेत्रको बिरोध गरिरहेका छन् ।
- लघुवित्त वित्तीय संस्थाहरूले रोजगारीको सृजना, महिला स-शक्तिकरणमा (Women Empowered) र गरिवि न्युनीकरण गर्नमा खेलेको महत्वपुर्ण भुमिकाको प्रचार प्रसार गर्न नसक्नु हाम्रो कमी कमजोरी छ ।
- कर्जा लगानी गर्दा सदस्यहरूको क्षमता हेर्न नसक्नु हाम्रो कमजोरी हो । जसलाई हामी सुधार गर्नेछौ ।
- आजको अवस्थामा हामी १५ प्रतिशतमा लगानी गरेका छौं । जुन बाणिज्य बैकहरूले लगानी गर्न सकेका छैनन् ।
- पुराना संस्थाहरूको औसत कर्जा रू.१ लाख २० हजार छ भने नयाँ संस्थाहरूले शुरूमा नै रू.७ लाख दिने गरेकोले समस्या आएको हो ।
- प्राप्ति हुने संस्थामा कर्मचारी संख्या कम रहेकोले कर्मचारीको मेलमिलाप हुँदैन कि भन्ने शंका रहँदैन ।
- सञ्चालक समिति मातहतका समितिहरूमा उपयुक्त ब्यक्तिलाई उपयुक्त पदमा राखिएको र उल्लेखित समितिहरूले नेपाल राष्ट्र बैकको निर्देशनमा उल्लेखित काम, कर्तव्य र जिम्मेवारी बमोजिम काम गरिरहेका र सञ्चालक समितिलाई नीति निमार्णमा सुझाव दिने गरेको छ ।
- कोषको लागत बढेर नाफा कम भएको हो ।
- हामीले कर्मचारीको मनोबल बढाउने किसिमले काम गरेका छौ ।
- सदस्यहरू Drop-out बिषयमा Research गरेका छौं । उक्त Research को Recomemdation को आधारमा संस्थाले सदस्यलाई प्रदान गर्ने सेवामा विविधिकरण गर्दै जानेछौ ।
- सदस्यहरूलाई आकर्षित गर्न, निष्कृय सदस्यलाई सकृय बनाउन र लघुवित्त क्षेत्रमा देखिएका भ्रमहरू हटाउनको लागि Financial Literacy / Re - CGT जस्ता सदस्य मैत्री कार्यक्रमहरू गरिरहेका छौं ।
- सहकारी संस्था र मिटरब्याजीलाई लघुवित्त संस्थासँग तुलना गरेर लघुवित्त संस्थाले बढी ब्याज लियो भनेर भ्रम फैलाउने कार्य केही तत्वहरूले गरी रहेकोले त्यस बिरूद्धमा हामी सबै मिलेर प्रचार प्रसार गर्न आवश्यक रहेको छ ।
- संस्थागत सामाजीक उत्तरदायित्वको कार्यक्रम मार्फत लघुवित्त क्षेत्रमा देखिएका भ्रमहरू हटाउनको लागि प्रयास गरिरहेका छौं ।
- Staff Behaviour / Customer Behaviour सम्बन्धी तालिम मार्फत कर्मचारीलाई सु-सुचित गर्नेछौ ।

११. **सभाको निर्णयः** अध्यक्षज्यूबाट प्रत्युत्तर प्रस्तुत भए पश्चात साधारण सभामा छलफलका लागि पूर्व निर्धारित विषयहरू पारित गर्न पेश गरिएका प्रस्तावहरू करतलध्वनीका साथ पारित गरी दिन सभापतिज्यूले अनुरोध गर्नु भयो । तत्पश्चात सभापतिज्यूको निर्देशन बमोजिम कम्पनी सचिव

श्री ज्ञानेन्द्रप्रसाद अर्यालले पारित गरिने विषयहरू क्रम अनुसार साधारण सभा समक्ष पेश गरे पछि शेयरधनीज्यूहरूबाट करतलध्वनीका साथ स्वीकृति प्रदान गर्नु भएकोले सभापतिज्यूले तपसिल बमोजिम पेश गरिएका सबै प्रस्तावहरू २१औं वार्षिक साधारण सभाबाट पारित भएको जानकारी सभा समक्ष जानकारी गराउनु भयो ।

(क) **साधारण प्रस्ताव तर्फः**

१. संचालक समितिको एक्काईसौं वार्षिक प्रतिवेदन (आ.व. २०७८/०७९) उपर छलफल गरी सर्वसम्मतिले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०७९ आषाढ मसान्तको वासलात तथा आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) बमोजिम तयार गरिएको मिति २०७९ आषाढ मसान्तको वित्तीय विवरणहरू सर्वसम्मतिले पारित गरियो ।

३. सञ्चालक समितिको सिफारिश बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफा र गत वर्ष सम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको ११.०५२६३२ प्रतिशतले हुन आउने रकम रू.१५,३३,५५,०८४/७३ (अक्षरेपी पन्ध्र करोड तेत्तिस लाख पचपन्न हजार चौरासी रूपैया र पैसा त्रिहत्तर मात्र) नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर सहित) बितरण गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४. आ.व. २०७९/०८० को लेखापरीक्षणको लागि लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल गर्दा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७९/०८० को लागि लेखापरीक्षक नियुक्त गर्न प्रस्ताव भैआएको हुंदा लेखापरीक्षण समितिको सिफारिश बमोजिम श्री कुवेर एन. भट्टराई एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टसलाई बाह्य लेखापरीक्षण, कर परीक्षण, Long-Form Audit रिपोर्ट, दफा ७८ र Certification of Annual Compliance Report कार्यको लागि मुल्य अभिवृद्धि कर सहित जम्मा रू.३,००,०००/- (अक्षरेपी तीन लाख मात्र) पारिश्रमिक उपलब्ध गराउने गरी सर्वसम्मतिबाट लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय गरियो ।

(ख) **बिशेष प्रस्ताव तर्फः**

१. सञ्चालक समितिको सिफारिश बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफा र गतवर्ष सम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको १० प्रतिशतले हुन आउने रकम रू.१३,८७,४९,८३३/२८ (अक्षरेपी तेह्र करोड सतासी लाख उनन्चास हजार आठ सय तेत्तिस रूपैया र पैसा अठ्ठाईस मात्र) बराबरको बोनस शेयर बितरण गर्न र बोनस शेयर जारी गर्दा दशमलब पछिको शेयर (Faction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी रू.१,३८,७४,९८,३३२/८३ रहेकोमा बोनस शेयर जारी पछि कायम हुने जारी तथा चुक्ता पुंजी रू.१,५२,६२,४८,१६६/११ (अक्षरेपी एक अर्व बाउन्न करोड बैसठ्ठी लाख अठचालिस हजार एक सय छैसठ्ठी रूपैया पैसा एघार मात्र) पुऱ्याउन यस वित्तीय संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (ख) र (ग) मा आवश्यक संशोधन गर्ने प्रस्ताव निम्न बमोजिम प्रबन्धपत्रमा आवश्यक संशोधन गर्न सभाले सर्वसम्मतिबाट पारित गरियो ।

| दफा उपदफा | हाल भएको ब्यवस्था | संशोधन प्रस्ताव |
|---|---|---|
| ५ | **वित्तीय संस्थाको पुंजीको संरचनाः** | **वित्तीय संस्थाको पुंजीको संरचनाः** |
| ५(ख) | वित्तीय संस्थाको जारी पुंजी रू.१,३८,७४,९८,३३२/८३ (अक्षरेपि एक अर्ब अठतिस करोड चौहत्तर लाख अन्ठानब्बे हजार तीन सय बत्तिस र पैसा त्रियासी मात्र) हुनेछ । सो पुंजीलाई | वित्तीय संस्थाको जारी पुंजी रू. १,५२,६२,४८,१६६/११ (अक्षरेपि एक अर्ब बाउन्न करोड बैसठ्ठी लाख अठचालिस हजार एक सय छैसठ्ठी र पैसा एघार मात्र) हुनेछ । सो पुंजीलाई प्रति शेयर रू.१००/– का दरका |

| दफा उपदफा | हाल भएको व्यवस्था | संशोधन प्रस्ताव |
|---|---|---|
| | प्रति शेयर रू. १००/–का दरका १,३८,७४,९८३.३३ (एक करोड अठतिस लाख चौहत्तर हजार नौ सय त्रियासी दशमलव तीन तीन) थान साधारण शेयरमा विभाजन गरिएको छ । | १,५२,६२,४८१.६६११ (एक करोड बाउन्न लाख बैसठ्ठी हजार चार सय एकासी दशमलव छ छ एक एक) थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| ५(ग) | वित्तीय संस्थाको चुक्ता पुंजी रू.१,३८,७४,९८,३३२/८३ (अक्षरेपि एक अर्ब अठतिस करोड चौहत्तर लाख अन्ठानब्बे हजार तीन सय बत्तिसर पैसा त्रियासी मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पुंजी रू. १,५२,६२,४८,१६६/११ (अक्षरेपि एक अर्ब बाउन्न करोड बैसठ्ठी लाख अठचालिस हजार एक सय छैसठ्ठी र पैसा एघार मात्र) हुनेछ । |

३. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि सम्पन्न सम्झौतापत्र, सहमतिपत्र, संयुक्त प्राप्ति (एक्विजिशन) समिति गठन एवं संयुक्त प्राप्ति (एक्विजिशन) समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियार प्रत्यायोजन गर्ने सञ्चालक समितिको निर्णय अनुमोदन गर्न अध्यक्षज्यूले साधारण सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिले पारित गरियो ।

४. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि चल, अचल सम्पत्ति तथा दायित्व मुल्यांकन (Due Diligence Audit) गर्न संयुक्त प्राप्ति (एक्विजिशन) समितिबाट सम्पत्ति र दायित्व मुल्यांकनकर्ता एस.ए.आर.एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्सलाई गरेको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गरेकोमा सञ्चालक समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गरियो ।

५. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मुल्यांकनकर्ता एस.ए.आर.एसोसिएट्सबाट प्राप्त सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त प्राप्ति (एक्विजशन) समितिको सिफारिशमा यस वित्तीय संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक कित्ता बराबर एक कित्ता) कायम गरी आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति प्रदान गर्न प्रस्तुत प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

६. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका अन्य कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न सभा समक्ष प्रस्तुत प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

७. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट एकीकृत कारोवार गर्ने प्रस्ताव सभाले सर्वसम्मतिले पारित गरियो ।

८. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात प्राप्ति (एक्विजिशन) सम्बन्धी सम्झौतापत्र अनुसार वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी वृद्धि हुने हुँदा सो बमोजिम हुने गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न, हेरफेर गर्न र उपयुक्त व्यवस्था गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सभामा प्रस्तुत प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

९. प्राप्ति (एक्विजिशन) पश्चात यस वित्तीय संस्थाको शेयर संरचना अनुपात (संस्थापक र सर्वसाधारण शेयर) परिवर्तन हुने भएकोले संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (घ) मा संशोधन गर्न स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गरियो ।

१०. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत नियमनकारी निकायको स्वीकृति लिने/अभिलेख गर्ने क्रममा वा पुंजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधन सम्बन्धमा नियमनकारी निकायहरूबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम संशोधन/परिमार्जन समेतका सम्पुर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्न प्रस्तुत प्रस्ताव सम्बन्धमा प्रचलित कानुनको अधिनमा रही प्रस्ताव बमोजिम आवश्यक संशोधन/परिमार्जन गर्न सर्वसम्मतिले सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो ।

**(ग)** **<u>बिविधः</u>** विविध विषय सूची अन्तर्गत कुनै विषय नहुँदा छलफल तथा निर्णय गर्न परेन ।

१२. **धन्यवाद ज्ञापनः**

छलफल तथा निर्णयको क्रम समाप्त भए पछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरूले छलफलमा सक्रिय रूपमा सहभागी भई महत्वपुर्ण सुझाव तथा मार्गदर्शन प्रदान गर्नु भएकोमा आभार ब्यक्त गर्दै आफ्नो अमूल्य समय दिई एक्काईसौं वार्षिक साधारण सभा सफलता पूर्वक सञ्चालन एवं सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनीहरू तथा सम्बन्धित सवैलाई हार्दिक धन्यबाद ज्ञापन गर्नु भयो ।

१३. **सभा विसर्जनः**

अन्तमा, छलफल गर्न बाँकी विषय नभएको हुँदा अध्यक्षज्यूले साधारण सभा सफलता पूर्वक सम्पन्न भएको घोषणा सहित दिउँसो १ः२० बजे साधारण सभा बिसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| .............................. | ................................ | ........................... |
| (ज्ञानेन्द्रप्रसाद अर्याल) | (रमेशकुमार रघुवंशी) | (दिपक खनाल) |
| कम्पनी सचिव | सञ्चालक<br>प्रतिनिधि, सर्वसाधारण | अध्यक्ष |

मितिः २०७९ फागुन ३० गते मंगलवार दिउँसो १ः२० बजे ।